





# नजिकै आइरहेको द्वन्द्व


जुन १५, २०२४को निम्ति अध्याय ११



"तिनीहरूलाई पवित्र पार्नुहोस् वा शुद्ध
राख्नुहोस; तपाईंको वचन नै पवित्र
वा शुद्ध छ।" यूहन्ना १७:१७।

शताब्दीयौं देखि ख्रीष्ट र सैतानको बिचमा भइरहेको द्वन्द्वको केन्द्रविन्दु आराधनामा भइरहेको छ। सनातन सृष्टिकर्ता परमेश्वरको आराधना गर्ने की अरू कुनै तत्व जसले परमेश्वरको चरित्रलाई विकृति ल्याउनेलाई।

परमेश्वरको बारेमा गलत धारणा ल्याएर सैतानले मानिसहरूलाई प्रयोग गर्न सफल भइरहेको छ। ईसाईहरू र राज्य सरकार मिलेर सृष्टिकर्ताको आराधना गर्न चाहनेलाई नाश गर्न सैतानले प्रयास गर्दछ।

बाइबलका कतिपय मौलिक सत्यहरू जस्तै दश आज्ञालाई हेरफेर गरेर वा विकृति ल्याएर जनमानसको बिचमा ती सत्य र दश आज्ञाहरूलाई बिर्साउन सैतानले प्रयास गर्दछ। उदाहरणमा शनिबारको सट्टा आइतबारमा आराधना गर्न लगाएर सृष्टिकर्ताको बारेमा बिर्साइ दिन्छ।







द्वन्द्वः
- आराधना।
- असहिष्णुता।

शत्रुः
- अजिङ्गर र सिंहासन।
- निको भएको चोट।
- थुमा र अजिङ्गर।

# द्वन्द्व

# आराधना

"हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" प्रकाश ४:११।






परमेश्वरको सृष्टिगर्ने शक्तिले गर्दा स्वर्गका जीवहरूले उहाँको आराधना गर्छन् (प्रकाश ४:११; अय्यूब ३८:६,७)।

हाम्रो आराधना स्वीकार गर्ने परमेश्वर आफै सृष्टिकर्ता र मुक्तिदाता हुनुभएर प्रस्तुत गर्नुहुन्छ (यशैया ४५:६,७, १८-२०; ६५:१८)।

अन्तिम युगका अन्तिम पुस्तालाई दिने सन्देश नै सारा मानिसहरूले परमेश्वरलाई सृष्टिकर्ता मानेर आराधना गर्न आह्वान गरिएको छ (प्रकाश १४:७)।

तर सैतानले संसारका मानिसहरूले उसलाई नै आराधना वा पूजा गरोस् भन्ने चाहन्छ। पशुहरूसाथ उसलाई आराधना गरेको चाहेकोले तिनीहरूलाई मूर्ति वा प्रतिमा बनाएर पूजा गरोस् भन्ने अधिकार उसले दिन्छ ताकि सारा जगतले उसलाई ढोगून् (प्रकाश १३:२,४,१४-१५)।

यस समयमा विवादको केन्द्रविन्दु नै साबथ हुनुमा अचम्म मान्नुपर्दैन। जो भक्तहरूले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र येशूमा भएको विश्वास तिनीहरूमा हुन्छन् (प्रकाश १४:१२) तब तिनीहरूले उहाँको सृष्टिको सम्झनामा साबथमै उहाँको आराधनान गर्छन्।





# असहिष्णुता

"तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन्। वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ।" यूहन्ना १६:।



हाम्रो सङ्घर्ष भौतिक जीव वा तत्त्वहरूसँग होइन, तर अध्यात्मिक वा आत्मिक तत्त्वहरूसँग हो (एफिसी ६:१२)। हामी भौतिक अस्त्रहरू प्रयोग गर्दैनौं, तर आत्मिक अस्त्रहरू (२ कोरन्थी १०:३-५)। तर शत्रुले हाम्रो विरुद्धमा अस्त्रहरू प्रयोग गर्न हिचकिचाउँदैन।



परमेश्वरमा आस्था राख्नेहरूले पाउने दुःखकष्ट बेकारक होइनन् किनभने सैतानले विश्वासमा अडिग हुने चर्चलाई हिँसात्मक आक्रमण गर्दछ (प्रकाश १२:१२)। उसको निम्ति विश्वासीहरूलाई ढलाउन कुनै पनि अस्त्र उचित हुन्छ।

- हाम्रा निष्ठा र झुकावहरूमा आक्रमण गरेर हामीलाई ढलाउन खोज्दछ (याकूब १,:१४)
- उसका जालझेलहरू उचित भएको भनेर हामीलाई विश्वस्त पार्दछ (२ कोरन्थी ४:३-४)
- हाम्रा नजिकका मानिसहरूलाई नै उसल प्रयोग गर्छ (मत्ती १०:३४-३६)
- उसले आक्रमण गर्छ र धम्कीहरू दिन्छ (प्रेरित ५:४०)
- उसले हिँसाको ज्यादति गर्छ (यूहन्ना १६:२)

यसरी नै उसले सक्रिय भएको इतिहासले बताउँछ, र अहिले भविष्यमा आफ्ना अस्त्रहरूलाई प्रयोग गरेर अन्तिम आक्रमण गर्दछः छल, जालझेल, भ्रम र चलाखीपनाहरू (प्रकाश १३:१३-१४); आर्थिक नाकाबन्दीहरू गरेर (प्रकाश १३:१६-१७); उसलाई पूजा वा नढोग्नेहरूलाई हत्या गर्ने अध्यादेश जारी गरेर (प्रकाश १३:१५)।

# शत्रु

# अजिङ्गरको सिंहासन

""त्यो अजिङ्गरले पशुलाई उसको शक्ति दिइयो र उसको सिंहासनको साथै ठुलो अधिकार दिइयो (प्रकाश १३:२आ)।

अजिङ्गर भनेको सैतान हो भनेर चिनाएको छ (प्रकाश १२:९)। शक्तिलाई चलाउने पशु भनेको दानिएल ७ अध्यायको चौथो पशु हो (जस पछि सिंह, भालु र चितुवा, प्रकाश १३:२सँग मिल्दछ)।



प्रकाश १३ प्रकाश १२को विस्तृत विवरण हो। येशूलाई मार्ने प्रयास गरेको देखि सुरु गरिन्छ, अनि ऊ विस्तारै माथि उठ्छ (प्रकाश १२:३-५)। पहिला पदहरूमा चर्चलाई १२६० वर्षसम्म हमला गरेको बताउँछ र बाँकि पदहरूले त्यसपछिका घट्नाहरूलाई देखाउँछ जब अजिङ्गर प्रचण्ड क्रोधले भरिएर स्त्रीसँग युद्ध गर्छन र उनका बाँकि सन्तानसँग उसले युद्ध गर्छ (प्रकाश १२:१७)।



जब रोमको साम्राज्यमा विदेशी वा असभ्य जातिहरूले हमला गर्छ तब रोमको साम्राज्य टुक्रा टुक्रा भएको थियो। अलि अलि गरेर रोमलाई चर्चको हातमा छोडेको थियो। यसले राजनैतिक शक्ति र अधिकार पायो र परमेश्वरको विरुद्धमा गएर निष्ठावान चर्चलाई सतायो (प्रकाश १३:४-८)।



# घाइटे निको हुन्छ

""कैदमा जानुपर्ने कैदमा नै जानेछ, तरवारले मारिनेचाहिँ तरवारले नै मारिनेछ। सन्तहरूको सहनशीलता र विश्वास यसैमा छ।" प्रकाश १३:१०।



शताब्दीयौंसम्म रोमन क्याथोलिक चर्चले निष्ठावान विश्वासीहहरूलाई बन्धक बनाएर कतिपयलाई मारेको थियो (प्रकाश १३:१०), अनि रोमन क्याथोलिक चर्च आफै पनि बन्धकमा परेको थियो (त्यसको अगुवा पोप पायस छैथौं थियो) र उसलाई घाइटे बनाएको थियो वा चर्च नै घाइटे भएको थियो (प्रकाश १३:१०)।

सन १८७०सम्म पोपिय राज्यलाई आफ्नो अधिकारमा राखेतापनि जब इटाली राज्यको स्थापना भयो उसको सबै क्षेत्र उसले गुमाएको थियो। यस परिस्थितिमा रोमन क्याथोलिक चर्चले फेरि टाउको उठाउने छैन वा पहिलाको शक्ति नपाउने जस्तो देखिएको थियो।




**सन १९२९मा भाटिकन सहर स्वतन्त्र राज्य घोषणा गरिएको थियो। घाइटे चोट निको हुन थालेको थियो। अब त्यस समयदेखि के हुने छ त?**





जब अन्तिम घटनाहरू उघारिनेछ तब विश्वका अगुवाहरूले विश्वव्यापी शङ्कटलाई समाधान गर्ने प्रस्ताव खोज्नेछ। त्यसको अगुवा पोपलाई बनाउने भएकोले आइतबारे कानुन समेत लागु गरेर मानिस र राष्ट्रहरूलाई एक बनाएर एउटै परिवार बनाउन कोशिश गर्नेछ।



# पशु र अजिङ्गर

"अनि पृथ्वीबाट निस्किरहेको दोस्रो पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सीङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो।" प्रकाश १३:११।




येशूले स्थापना गर्नु भएको चर्चलाई भ्रष्ट पार्न पहिलो पशुको उदय भएको थियो। जब चर्च घाइटे भयो तब उसले त्यसलाई निको पार्न झुटा अगवक्ता वा अगुवालाई सैतानले खोजेको थियो ताकि उसले उनको घाइटेलाई निको पारून् (प्रकाश १३:११;१६:१३)। अनि शुद्ध इसाई नीतिहरू अनुसार चल्ने देशसँग उसले गठबन्धन गर्न थाल्यो। त्यो देश थियो उत्तर अमेरिका।

सैतानले आफू येशू (थुमा)को नक्कल गर्न थाल्यो। यो राजा र श्रीपेचबिनाको गणतन्त्र राज्य हो। त्यस राज्य दुई शक्ति वा अलग भएको सिङ्गहरूको राज्य हो अर्थात् नागरिक वा निजामती शक्ति र धार्मिक।

पहिलो विश्व शक्ति भएको हैशियतले उसले अजिङ्गर जस्तै बोल्न थालेको थियो। उसले छिटै धर्मको आधारमा ती कानुनहरू बनाउनेछ जसले पोपलाई समर्थन गर्छ र पशुको छापको सृजना गर्नेछ (प्रकाश १३:१२-१४)।



"यो पशुको प्रतिमाले अर्को धार्मिक संगठनलाई प्रतिनिधित्व गर्दछ जो सैतानकै शक्तिले सम्पन्न हुन्छ। त्यो प्रतिमा थुमाको जस्तै पशुको हो। त्यो थुमा जस्तो पशु अमेरिकाको प्रतिक हो। हेर्दाखेरि शान्तिप्रिय र भलाद्मी देख्छ। अमेरकाका सबै चर्चहरू साझा विश्वासको चासोहरूमा एक हुनेछ। अनि ती चर्चहरू एक भएर धार्मिक नितिहरू बनाउन र चर्चलाई समर्थन गर्न अध्यादेश बनाउन प्रभाव पार्नेछ। जब यसो हुनेछ तब सुधारवादी वा प्रोटेस्टेन्ट अमेरिकाले पोपकै प्रतिमा अनुसार चल्नेछ वा पोपकै आदेशमा चल्नेछ। त्यसबेला परमेश्वरमा निष्ठावान हुने सही चर्च विगतमा जस्तै सतावटमा पर्नेछ।"

एलेन जी. ह्वाइट, हिस्टोरी अभ रिडेम्पशन, ठेली १:११६ पृ.)